# ईन्टेक १९८३ को

# विधान

## पहिलो संशोधन २०८३

# Act of Intake 1983

## First Amendment 2026

www.intake1983.com

# ईन्टेक १९८३ को विधान!!!

## पहिलो संशोधन (२०८३)

**प्रस्तावना:-**

ब्रिटिश आर्मि ब्रिगेड अफ गोर्खाज (British Army Brigade of Gurkhas) मा ईस्वि संम्बत १९८३ सालमा, नेपाल अधिराज्यको बिभिन्न गाउँ, ठाउँ, क्षेत्र, जिल्ला, अञ्चल बाट भेला भई संगै भर्ति भएका समकालिन नम्बरी हरूलाई आपत विपत पर्दा बिगत १९९३ साल बाट नम्बरीको हैंसियत र मानवीयताको हैसियत मात्र नभई नम्बरी एकै घर परिवारको सदस्य हो। भन्ने सोंच र बिचारले नानीहरू देखि नम्बरी र नम्बर्नी बैनीहरूलाई दुख परेको बखतमा विधानत: आर्थिक, भौतिक र नैतिक सहयोग गर्नका लागि मुख्यतया यो विधान निर्माण गर्नु अतिआबस्यक परेको थियो। यधपि यो च्यारिटिको रुपमा रजिस्टर भएको संगठन भने होइन र हुन पनि सक्दैन। तथापि यस संगठनलाई एक पुस्ते नम्बरी परिवारको पारिबारिक संगठनको रुपमा मान्दै आएकाछौं, र मान्नु पनि पर्दछ, र मान्दै जानेछौ।

यसरि नै हाम्रो नम्बरीहरु दिवंगत हुने क्रममा, बिधान तयार हुनु भन्दा अगाडि, सबैलाई ब्यबस्थित ढंगबाट सहयोग भने गर्न सकिएको थिएन। कारण सम्पर्क बिहिन र कुनै परिवार र साथी भाईहरू बाट सहि ढंगले सम्पर्क नम्बर ठेगाना र हुल्याहा दिन नपाएकै कारणले गर्दा, हो भन्दा अत्युक्ति नहोला। र यो घटना हामी बिच, बिगतमा घट्दै आएको पनि छ।

त्यसकारणले अब यो ढंगले सबैलाई समेट्न र सहयोग गर्न संम्भव हुन नसक्ने ठहर भएकाले विगत २६ फेब्रुअरी ईस्वि संम्बत २०१७ सालमा ल्पमस्टिट् स्थित चौतारी नामको नेपाली रेष्टुरेण्टको सभा कक्षमा ईन्टेक १९८३ का तत्कालिन चेयर पर्शन ६०४४ गोपाल गिरी नम्बरिको अध्यक्षतामा बैठक बसि नम्बरि संगठनको परिवार भित्र घटप्रारम्भः - खण्डमा, सहयोग गर्नको निम्ति र सहयोग पाउँनको निम्ति, केहि मापदण्ड सहितको प्रावधान नीति नियम र विधान तयार पार्नुपर्छ, भनि बैठकमा उपस्थित सबैको सर्बसहमति बाट पारित गरि, यो संस्थाले प्रथम पटक विधान तयार पारिएको थियो। र यसको बिधानको मुख्य उद्देश्य तपशिल बमोजिमको रहेको छ।

## उदेश्य:-

ई.सं १९८३ सालमा ब्रिटिस आर्मिमा भर्ति भएका नम्बरिहरुको पारस्परिक रुपमा दुख परिआएको बेलामा सहयोग गर्नका लागि निती नियम भित्र रहेर कार्य गर्न र कार्य गराउन आवश्यक परेकाले यो विधान निर्माण गरिएको हो। यो बिधान को मुख्य

उद्देश्य भनेकोनै यहि हो ।

**बिधानमा समाविष्ट-**

यो बिधान भित्र ७ परिच्छेद, १९ दफाका बिभिन्न धाराहरू र २ वटा अनुसूचिहरू समाविष्ट रहेका छन् ।
जस्मा यस प्रकारका रहेका छन्:

## परिच्छेद (Paragraph) -१

### प्रारम्भ

### दफा -१ (Section) - 1

**संक्षिप्त नाम र प्रारम्भ:-**

(क). यो संस्थाको पुरानाम Brigade of Gurkhas intake 1983 (ब्रिगेड अफ गोर्खाज ईन्टेक १९८३) हुनेछ ।

(ख). यो विधान प्रथम चोटि ई.सं २०१७ मा निर्माण गरिएको हो र पहिलो संसोधन २०२६ मा गरिएको छ ।

(ग). यो विधानको नाम "विधान ईन्टेक १९८३" हुनेछ, अग्रेजीमा (Legislation of Intake 1983) र यो बिधान कुनै पनि अधिवेशनमा उपस्थित Subscribed member को ५१% (५१ प्रतिशद) ले अनुमोदन गरेपश्चात मात्र तुरुन्तै लागु हुनेछ । र यो बिधान, २४ जनवरी २०२६ मा भए को साधारण सभा (AGM) मा उपस्थित मास बैठकले अनुमोदन गरिसकेको छ ।

**(घ). यो विधान हरेक अधिवेशनमा आवश्यक परेका बुदाहरुमा संसोधन गर्न सकिनेछ । अन्य समयमा आवश्यक परिहाले काम चलाउका लागि कार्य समितिको पुर्णकालिन बैठकले संसोधन गर्न सक्नेछ । तर उक्त संसोधित बुदाहरु यो संगठनको अधिवेसनले अनिवार्य रुपमा अनुमोदन गर्नु पर्ने हुन्छ ।**

**(ङ) यो बिधान ई. सं १९८३ सालमा ब्रिटिस आर्मिमा भर्ति भएका पुर्व सैनिकहरुका एक पुस्ते बिधान भएकाले, संस्था कृयाशिल रहे सम्म यो बिधान सकृय रहनेछ ।**

**कुनै पनि समयमा Subscribed members हरूको अधिवेशनले संस्था बिघटन गर्ने निर्णय अनुमोदन गर्यौं भने तत्कालै बिधान पनि सोत निष्कृय हुनेछ ।**

## दफा - २ (Section) - 2

## परिभाषा:-

**(क). विषय प्रसंगले अर्को अर्थ नलागेमा विधानमा "Intake 1983" भन्नाले ई.सं १९८३ सालमा British forces Brigade of Gurkhas मा नेपालबाट भर्ति भएका गोर्खा सैनिकहरु लाई जनाउँदछ ।**

**(ख). "बिधान" भन्नाले Intake १९८३ मा भर्ति भएका गोर्खा सैनिक हरुले आफ्नो संगठनको निम्ति निर्माण गरेका नीति र नियमका समग्र पुस्तक लाई विधान ईन्टेक १९८३" भनि**

जनाउँदछ ।

(ग). "कार्य समिती" भन्नाले Intake 1983 संस्थाको निर्वाचित कार्य समितीलाई जनाउँदछ ।

(घ). "Subscribed member "भन्नाले संस्थाले तोकेको दस्तुर रकम भुक्तानि गरेर बनेको सदस्यता लाई जनाउँदछ ।

(ङ). "अधिवेसन" (convention) भन्नाले संस्थाको ३/५ वर्षमा कार्य समिती परिवर्तन हुने सभालाई जनाउँदछ ।

(च). "उप-समिती" भन्नाले कार्य समितीले कुनै पनि निष्चित कार्य संपादन गर्नको निम्ति समय सिमा तोकि जिम्मा दिएको अस्थायी समितीलाई जनाउँदछ ।

(छ). "निर्वाचन मण्डल" (Election Commission) भन्नाले हरेक अधिवेसनमा नयाँ कार्य समिती चयन गर्ने अधिकार प्राप्त उप-समितीलाई जनाउँदछ । र यस अधिकार प्रप्त उप-समितिलाई निर्वाचन मण्डल पनि भनिन्छ ।

(ज). "विधानको सर्बोपरि" - यो विधानमा जे लेखिएता पनि संस्था वा ब्यक्ति माथि मुद्दा मामिला परेमा संयुक्त अधिराज्य वेलायतको नियम कानुनको फैसलानै अन्तिम र सर्बोपरि हुनेछ, या ठानिनेछ ।

अथवा बिधानको सर्बोपरि, ईन्टेक १९८३ परिवारमा निहित रहनेछ ।

## दफा -३ लोगो वा छॉप: -

(क). संस्थाको लोगो, गोलो सर्कलमा Brigade of Gurkhas intake 1983 र विच भागमा क्रस खुकुरि, खुकुरि माथि 1983 १९८३ र मुनि intake उल्लेख गरिएको अक्षर हुँनेछ। र Intake भर्ति हुदाको तत्कालीन समयमा भएको ईन्फेन्ट्रिबटालियन र कोर युनिट रेजिमेन्टहरुको दस वटा ब्याजहरु लोगो को सर्कलको बाहिर दाहिने पट्टि पाँचवटा र देब्रे पट्टि पाँचवटा ब्याज रहनेछ। संस्थाको लोगोको तस्विर अनुसुचि - १ मा हुँनेछ। लोगोको पछाडि पृष्ठ भूमि (background) ब्रिगेड अफ गोर्खाजको रंङगले पोतिएको अंकित (Brigade of Gurkhas colour painted) को हुनेछ।

## परिच्छेद - २ सदस्यता

## (Paragraph) सदस्यता (Subscribed member)

## दफा - 4 Section)

### सदस्यता:-

(क). यस संस्थाबाट औपचारिक रुपमा आर्थिक, नैतिक र भौतिक सहयोग प्राप्त गर्न विधानले तोकेको सदस्यता शुल्क (Subscribtion fee) दस्तुर भुक्तानि गरि (Subscribed member) अनिवार्य रुपमा सदस्य बन्नु पर्ने हुन्छ।

(ख). हालमा सदस्यता शुल्क Subscription fee £ 40

तोकिएको छ। यस अघि सदस्यता शुल्क Subscription fee £. 30 थियो। समय सापेक्ष केहि समय अगाडि बाट (Subscription fee) £ 40 (अक्षरुपि चालिस पाउण्ड) राखिएको छ। समय सापेक्ष र आवश्यकतानुसार बढाउँदै लान सकिनेछ।

(ग). Subscribed Member आजीवन सदस्यता भईसके पछि संस्थाका कुनै पनि सदस्य श्रीमान वा श्रीमतिको निधन भएको खण्डमा अनिवार्य रुपमा तोकिएको न्युनतम् रकम सहयोग गर्नु पर्ने हुन्छ।

(घ). न्युनतम सहयोग ददस्तुर £ 10 (दल पाउन्डस) हुनेछ।

(ङ). सदस्यता शुल्क तिरेर (Subscribed Member) भै सकेपछि श्रीमान वा श्रीमति कुनैको निधन भएको खण्डमा अन्य कुनै सदस्यहरुले न्युनतम सहयोग £10 दश पाउन्डस्) सहयोग गरिएन भने निजको Subscriptions fee £ 40 चालिस पाउन्डस् बाट दश पाउन्डस् £10 दश पाउन्डस् घट्नेछ प्रत्येक पटक। यो क्रम निरन्तर जारि रहेमाँ £ 30 तीस पाउन्डस् तिरेर सब्सक्राईब मेम्बर भएकोछ भने ३ पटकमा सबक्राईब लाईफ मेम्बर समाप्त हुन्छ भने, र £ 40 चालिस पाउन्डस् तिरेर सब्सक्राईब मेम्बर भएको छ भने,
४ पटकमा Subscriptions सकिने छ र सदस्यता स्वतः रद्द हुनेछ। सदस्यता Subscribed Members लिन चाहेमा तोकिएको सदस्यता शुल्क तिरेर पुनः सदस्य बन्न सकिनेछ या

बन्नु पर्ने हुन्छ ।

(च). कुनै पनि सदस्यता लिई सकेका श्रीमान वा श्रीमतिको निधन भएको समाचार तथा सूचना प्राप्त भए लगतै संस्थाको तर्फबाट पिडित परिवार लाई  सम्पर्क गरि सान्त्वोना दिनको साथै आर्थिक सहयोग गर्न आवश्यक छ या छैन भनि एक पटक विनम्रता पुर्वक सोधिने छ र सहयोग आवश्यक छ, भनि सहयोगको निम्ती अनुरोध गरेमा तत्काल सब्सक्राईब मेम्बरबाट कोष (funds) मा जम्मा भई रहेको निश्चित रकम (जम्मा Subscribed members X £10 = total £) निकाशा गरि पिडित सदस्यलाई हस्तानतरण गरिनेछ र त्यो  कोष (fund) को रकम  पुर्ताल (funds recover) गर्नको निम्ति न्युनतम सहयोग दस्तुर £10 (दश पौण्ड) उठाइनेछ । उठेको रकम जे जति हुन्छ त्यो सबै कोषमा जम्मा गरिनेछ ।

(छ). सदस्यता शुल्क (Subscribtion fee) तिरेर (Subscribed member) भए पछि जुनसुकै देशमा रहेता पनि श्रीमान वा श्रीमतिको निधन भएको खण्डमा न्युनतम सहयोग £10 (दश पौण्ड) सहयोग गर्न सकिनेछ । र आफू लाई पर्दा पनि सहयोग चाहिएमा सहयोग पाउँन सकिनेछ ।

(ज). सदस्य Subscribed members हरुका छोरा छोरीको हकमा सहयोग गरिपाउ भनि सदस्यले संस्थामा निवेदन गरेको अवस्थामा संस्थाले निजको आर्थिक अवस्था हेरि बुझीकन आवश्यक परेमा संस्थाको वैंठकले निर्णय गरि सहयोग गर्न

सकिनेछ ।

<u>दफा नं -५</u>

<u>बहुबिबाहका नियमहरुः -</u>

(क). अहिले सम्म कुनै पनि सदस्यले जेठि श्रीमतिको निधन भए पछि दोस्रो श्रीमति विवाह गरि सब्सक्राईब मेम्बर भएर सहयोग सुविधाहरू पनि पाउनु भएको छ । यहा पारित गरिएका नियम भित्र बसेर मर्दा या दुखद परिस्थिति आउँदा सहयोग चाहियो भनि निवेदन गरेर मात्र सहयोग पाउँने प्रावधान राखिएकोले, सोहिबमोजिम चल्न र चलाऊँन पाइनेछ ।

(ख). तर, श्रीमानको निधन भएमा वा निधन भए पछि निजको श्रीमति अरू कसैसँग दोस्रो घरजम गरेको प्रमाणित भएमा यो नियम निजको हकमा स्वत निष्कृय हुनेछ अथवा ईन्टेक १९८३ को सब्सक्राईब मेम्बर बाट स्वत खारिज हुनेछ । र पाउनु पर्ने सेवा सुबिधा र सहयोग आधिकारिक रूपमा पाउने छैन वा यसमा कुनै सरोकार रहने छैन ।

(ग). ईन्टेक १९८३ का Subscriber members जो जो संग दुईवटा वा तीनवटा श्रीमती छन् या हुँनेछ, र ब्रिगेड अफ गोर्खाजको रेकर्ड अफिसमा दर्ता छैन निज सदस्यले मेरो श्रीमति हो भने पनि आधिकारिक रूपमा गोर्खा वेलफेयर देखि आर्मि रेकर्ड अफिसमा दर्ता नभएको श्रीमती लगायत

नानीहरूलाई यो ईन्टेक १९८३ को संगठन बाट आधिकारिक रूपमा या सांगठनिकरूपमा कुनै प्रकारको सहयोग गरिनेछैन पाउने छैन। मानविय नाताले भने जोसुकैलाई पनि आवश्यकता बुझेर सहयोग गर्न सकिनेछ।

(घ). Subscriber members हरुले वहुविवाह गरेको छ र ब्रिगेड अफ गोर्खाज आर्मि रेकर्ड अफिसमा दर्ता गरेको छैन भने ती श्रीमति हरु मर्दा पर्दा दुखद परिस्थितिमा सहयोग चाहिन्छ भन्ने सोच राख्नु भएको छ भने, आधिकारिक रुपमाँ पाउँनको निम्ति, माहिली, साहिली, काहिली कान्छी भएका सबै श्रीमतीहरूले वर्तमान विधानमा तोकिएको सब्सक्राईब मेम्बर (Subscription fee) दस्तुर, ब्यक्ति पिच्छे सब्सक्राईब मेम्बरसिप तिरेर, सब्सक्राईब मेम्बर अनिवार्य हुनुपर्ने हुन्छ। संस्थाबाट आर्थिक सहयोग चाहिएमाँ सब्स्क्राईब मेम्बर भएको कम्तिमा छ (६) महिना वा (१८२) दिन एकसय बयासि दिन काटेको हुनु पर्नेछ।

(ङ). संस्थागत रुपमा आर्थिक सहयोग प्राप्त गर्न सदस्यता लिएको दिन देखि छ (६) महिना नकाटेको खण्डमा आधिकारिक रूपमा संगठन बाट नभई मानविय रूपले सहयोग गर्न सकिनेछ। सब्सक्राईब मेम्बर भएको दिन देखि छ (६) महिना नपुगिनै Subscribe member सदस्यको निधन भएमा तोकिएको रकम प्राप्त गर्न योग्य नभय पनि संस्थाले निजलाई के कसरि सहयोग गर्ने भनि सुझबुझ गरि मानविय सहयोग भने अवश्य गर्नेछ।

## परिच्छेद - ३

## आर्थिक खाता (Financial Accounts Interest and investigation) खोजतलास संम्बन्धि :

### दफा नं - ६

(क). विधानले तोकिको दस्तुर (Subscription fee) भुक्तानि गरेर वा Subscribers हरुले मात्र आर्थिक हरहिसाब हेर्ने अधिकार प्राप्त हुनेछ, तर नतिरेको ब्यक्तिले, सम्बन्धित हिसाब किताब खोज्ने अधिकार बाट बन्चित रहनेछ ।

(ख) त र बार्षिक भेलामा सम्पूर्ण बिबरणहरु बोर्डमा टासिनेछ ओपन रुपमा त्यसमा सबैले हेर्न सक्ने छ । अर्थात मेम्बर अनि नन् मेम्बरहरुले हेर्न सक्नेछ । हाम्रो ईरादा र उद्देश्य भनेको, कसैलाई पनि भेदभावपूर्ण हुन नदिनको निम्ति, सबैले बिधानले तोकेको दस्तुर £ ४० तिरेर आजीवन सदस्य बनी, नम्बरी या नम्बर्नी बहिनीलाई दुख परेको बेलामा न्युनतम £ १० तिरेर सहयोग गर्नु र गराउनु नै हो ।

(ग) हिसाब किताब खोज्न चाहने सदस्य या ब्यक्तिले स्वयंम आफूले विंधानले तोकेको सदस्यता शुल्क (Subscription fee) तिरेर (Subscribed member) भएको दिन देखिको यता मात्र हिसाब किताब खोजतलास गर्ने अधिकार प्राप्त हुँनेछ ।

### दफा नं -७

## आर्थिक स्रोत :-

(क). सदस्यता शुल्क बाट जम्मा भएको रकम ।

(ख). खाना अनि पिउने पदार्थ बाट भएको नाफाबाट प्राप्त भएको रकम ।

(ग). संगठनको सदस्यहरु बाट स्वईच्छाले स्फुर्त रुपमा दिएको, रकम बाट प्राप्त ।

(घ). यो संगठनको बार्षिक भेटघाट कार्यक्रममा गरिएको विभिन्न मनोरञ्जन कार्यक्रम बाट प्राप्त भएको रकम ।
(ङ). यस्ता लगायत कार्यक्रम हरुबाट र कार्यक्रममा गरिएका नृत्य र गीत गाएर, उठेका रकमबाट पनि कोषमा केही न केही प्रतिसत रकम राखिनेछ । यसरी विभिन्न तरिका र उपाएबाट, सपोर्टिङ फण्डलाई बलियो बनाउने र हर कार्यक्रममा या आबस्यक परेको खण्डमा बिधान अनुसार चलाउने या सदुपयोग गर्न सकिने छ ।

आर्थिक भार नपरोस् भन्नलाई या आर्थिक भारबाट जोगिनको निम्ति, जसरि हुन्छ, सपोर्टिङ (Immunity) फण्ड (कोष) बलियो हुनु पर्छ ।

त्यसकारणले समग्रमा कार्यक्रम गतिलो र राम्रो हुनको निम्ति, सपोर्टिङ फण्डमा रकम जम्मा गरेर, प्रसस्त फण्ड राख्न सकियो भने, यस फण्डले, हल बुक गर्न र अग्रिम डेपोजित गर्न लाई

राहत पुग्छ । जसरी हुन्छ सपोर्टिङ फण्ड बलियो हुनु पर्छ । यसमा कोषाध्यक्ष लगायत कार्य समितिले ईमानदारी पुर्वक सहि भुमिका निभाउनु पर्छ ।

## दफा नं. - ८

## संस्थाको विघटन: -

(क). भविष्यमा यस संगठनको कार्य समितिको अधिवेसनले निर्णय बदल्न सक्ने गरि अर्थात यस विषयमा परिवर्तन गर्न सक्ने गरि ईन्टेक १९८३ का Subscribers member जिवित संख्या पचास (५०) जना रहे सम्म कृयाशिल रहने छ, ५० देखि संख्या घट्ने बितिकै यो संस्था विघटन हुनेछ । वा ५० जनाको संख्या रहे पनि कृयाशिल रुपमा रहेर नम्बरीहरुले चलाउँन ईच्छा भएमा, वाहाहरुको तजबिजमा रहने छ वा चलाउँन सक्ने छ ।

वा त्यसो नभएर, संगठन बिघटन गरेमा, यो संगठनको सम्पूर्ण चल-अचल सम्पति बाकि रहेका Subscribed members हरुको स्वामित्वमा बराबरी हुनेगरि तजबिजले बाड्ने या बाडिनेछ ।

## परिच्छेद नं - ४

## बैंक खाता (Bank account Service) सञ्चालन गर्ने संम्बन्धि :

## दफा नं:- ९ बैक खाता:

(क). ईन्टेक १९८३ को नाममा बैंक खाता (Bank Accounts) खोलि वर्तमान कार्य समिति ३ पदाधिकारि (अध्यक्ष, सचिव र कोषाध्यक्ष) को संयुक्त नाममा अनिवार्य संचालन गरिनेछ।

(ख). पुरानो कार्य समितिले नयाँ कार्य समिति चयन भए पश्चात तुरुन्तै बैंक खाता (Bank Account) नाम सारि गरेर, नगद जिन्सिको हर हिसाब किताब चुस्त दुरूस्त हस्तान्तरण गरिदिनु पर्दछ।

(ग). बैंक खाता (Bank Account) हर हिसाब किताब सम्बन्धि कुनै (Subscribed Members) हरूबाट चित्त बुझ्दो नदेखिएको भनि हिसाब किताब बुझ्न चाहेमा कार्य समितीलाई निवेदन हालि बुझ्न सक्नेछ।

(घ). सबक्राईब मेम्बर बाट जम्मा भएको कोष (Fund) को रकम या झोले (Supporting fund) मा रहेको कोष संस्थाको काममा बाहेक कर्जा लगानि या सापटिको रुपमा लोन गर्न या आर्थिक कारोबार गर्न निषेध गरिएको छ, या त्यसो गर्न वा गराउन पाईने छैन।

( ङ ). प्रत्येक सालमा (AGM) वार्षिक साधारण सभामा भएको खर्च झोले (Supporting Fund) बाट £५०० सम्म चलाउन सकिने र नपुगेमा वार्षिक साधारण सभामा उपस्थित हुने नम्बरीहरु बाट जनहि बराबरि प्रति ब्यक्ति कति लाग्छ, त्यस

अनुरुप आर्थिक सहयोग संकलन गरि भुक्तानि गरिनेछ ।

## दफा नं. -१०

## साधारण सभा, अधिवेसन र विशेष अधिवेसनः -

(क). ईन्टेक १९८३ को हरेक सालको सुरूको महिना (जनवरी) भित्र (AGM) अर्थात वार्षिक साधारण सभा सम्पन्न गरिसक्नु पर्दछ ।
उक्त साधारण सभामा सचिवले वार्षिक कार्य प्रतिवेदन र कोषाध्यक्षले वार्षिक आर्थिक प्रतिवेदन प्रस्तुत गर्नु पर्दछ । आर्थिक प्रतिवेदन प्रस्तुत गर्नु भन्दा अगाडि अथवा वार्षिक साधारण सभा हुनु भन्दा अगाडि लेखापरिक्षण उप-समिती निर्माण गरि लेखा परिक्षण (आउडिट) अनिवार्य गराउँनु पर्दछ ।

(ख). यो संस्थाको अधिवेसन हरेक पाँच (५) वर्षमा अनिवार्य सँम्पन्न गर्नु पर्दछ ।

(ग). संस्थालाई विशेष परिस्थिती आई परेमा वा आवश्यक परेमा कुनै पनि समयमा विशेष वैंठक वा विशेष अधिवेसन बोलाउन सकिनेछ ।

## दफा नं. -११ लेखापरिक्षणः -

(क). आर्थिक लेखा परिक्षण उप- समितीले आर्थिक क्षेत्रमा लेखापरीक्षण गरि आर्थिक क्षेत्रमा पार्दर्शिता ढंगले आर्थिक

कारोबार नगद र जिन्सीको विल भरपाई हर हिसाब ठिक छकि छैन भनी चेक गरि ठिक भएको नभएको निष्पक्ष ढंगले लेखापरिक्षण गरि लेखा परिक्षण उपसमिति संयोजकले लिखित लेखा प्रतिवेदन साधरण सभा वा अधिवेसनमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद - ५ कार्य समिति

### दफा नं -१२ कार्य समिती समितीको बनोट :-

(क).
१ अध्यक्ष
२ उपाध्यक्ष
१ सचिव
१ सहसचिव
१ कोषाध्यक्ष
१ सहकोषाध्याक्ष
६ सदस्य गरि जम्मा १३ सदस्यता कार्य समितीको हुनेछ ।

(ख). कार्य समितीको कार्यकाल पाँच (५) वर्षको हुनेछ ।

### दफा नं. -१३ पद अनुसार को काम कर्तव्य र अधिकार: -

अध्यक्ष:

(क). वैंठकको अध्यक्षता गर्ने ।

( ख ). कार्य समितिलाई नियन्त्रण र निरक्षण गर्ने र आवश्यक परामर्श दिने ।

(ग). कार्य समितिको वैंठकमा बराबरि मत भएमा, निर्णायक मत दिने ।

(घ). बैठकमा पेश गरिने प्रस्तावहरु तयार गर्न लगाउँने, अनि पारित निर्णयहरु कार्यान्वयन गर्न लगाउँने, नियमित बैठक बोलाउँन लगाउँने ।

उपाध्याक्ष-

(क). अध्यक्षको अनुपस्थितीमा बैठक संचालनका लागि अध्यक्षताको आशन ग्रहण गर्ने । र अध्यक्षताको भुमिका निर्वाह गर्ने ।

(ख). अध्यक्षको काम कार्वाहिलाई सहयोग गर्ने ।

सचिव-

(क). संस्थाको तर्फबाट, संस्थाको बैठक लगायत विभिन्न सुचना र काम कार्बाहिको बारेमा, पदाधिकारी सदस्यहरुलाई पत्रचार गर्ने ।

(ख). संस्थाको कागजातहरुको जिम्मा लिने, प्रगति बिबरण अनि प्रतिवेदन पेश गर्ने ।

(ग). अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने ।

(घ). पारित प्रस्तावहरु निर्णयहरु ल्फोरमा सुनाउने अनि कार्यनयन गर्ने ।

(ङ). वैंठक वा सभाहरु संचालन गर्ने ।

(च). वार्षिक कार्यक्रम बनाउने, निति निर्माण गरि कार्यनयन गर्ने गराउँने ।

**सहसचिव-**

(क). सचिवको अनुपस्थितीमा बैठक संचालन गर्ने । सचिवको कार्यभार को भुमिका निभाउने ।

(ख). सचिवको काम कार्वाहिहरुमा साथ सहयोग गर्ने ।

**कोषाध्याक्ष; -**

(क). संस्थाको आम्दानी, खर्चको हिसाब किताबहरु चुस्त दुरुस्त राख्ने ।

(ख). संस्थाको चल-अचल सम्पतिको श्रेस्ता राख्ने र तिनिहरुको जिम्मा लिने ।

(ग). लेखा परिक्षण गराउने, बैठक, सभा र अधिवेसनमा कार्य समितिको तर्फबाट आर्थिक प्रतिवेदन पेश गर्ने ।

(घ). अनलाईन वैंक खाता संचालन गर्ने ।

**सहकोषाध्याक्षः -**

(क). कोषाध्यक्षको कामलाई सहयोग पुर्याउने ।

(ख). कोषाध्याक्षको अनुपस्थितीमा सम्पुर्ण जिम्मेवारि लिई काम कार्य गर्ने ।

**सदस्यः -**

(क). कार्य समितीलाई सहयोग गर्ने साथै कुनै पनि विवादित प्रस्तावलाई निर्णायक मत दिने ।

(ख). कार्य समितीले दिएको कार्यभार लाई ईमानदारी पुर्वक भुमिका निभाउने, संचालन गर्ने गराउँने ।

## दफा नं.१४

**सल्लाहकारको नियुक्तिः**

(क). हरेक नयाँ कार्य समितीहरु निर्वाचित भैईसके पछि उक्त समितिको पुर्ण वैंठकले ३ वा ५ जनाको संस्थालाई आर्थिक, नैतिक र भौतिक सहयोग गर्ने र समितिलाई सहि ढंगले सल्लाह र सुझाव दिन सक्ने सहि र योग्य व्याक्तिलाई नियुक्ति गरिनेछ ।

(ख) निवर्तमान अध्यक्ष अवकाश हुने बित्तिकै नया कार्य समितिको पहिलो बैठक ले प्रमुख सल्लाहकार मा नियुक्ति गरिनेछ ।

(ग) सल्लाहकारको कार्य अवधि कार्य समितिको जति नै हुनेछ । र जव कार्य समितिको कार्य काल समाप्त भई बिघटन हुन्छ, त्यहि समयमा सल्लाहकार हरुको पनि, स्वत: बिघटन हुनेछ ।

(ख) सल्लाहकारको भुमिका:

१. सल्लाहकारमा बसेपछि निम्न लिखित काम र कर्तव्य अनि भुमिका निभाउनु पर्ने हुन्छ ।

२. कार्यकारी (Executive) कार्य समितिलाई सहि सुझाव दिने र संगठन लाई काम र कर्तव्य को बारेमा सचेत गराई रहने, अर्थात संगठनलाई मनिटरिङ गरिरहने ।

१. सल्लाहकारमा बसेपछि निम्न लिखित काम र मर्तब्य अनि भुमिका निभाउनु पर्ने हुन्छ ।

२. कार्यकारी (Executive) कार्य समितिलाई सहि सुझाव दिने र संगठनलाई काम र कर्तव्यको बारेमा सचेत गराई रहने, अर्थात बैठक गरिरहने ।

(ग). सल्लाहकारको अधिकार:

१. सल्लाहकार बन्नको निम्ति, ईन्टेक १९८३ को संगठनको एक्जेक्युटिभ समितिमा एक कार्यकाल काम गरि, आजीवन सदस्यता कृयाशिल रहेको हुनु पर्छ ।

२. सल्लाहकारले, बैठकमा उपस्थिति जनाई, बहुमत संख्यमा जोडिन पाउँछ । अर्थात बैठकले गरेको निर्णयमा सर्बसमत संख्यामा जोडिन पाउँछ ।

३. सल्लाहकारले, अधिबेशनको बेला, परिआएमा नयाँ कार्य समितिको चयन हुदाको बखतमा भोट खसाल्न (भोट दिन) या आाफुले मन पराएको संगठनको उमेदवार लाई मताधिकार दिन सक्ने अधिकार प्राप्त हुनेछ ।

(घ). सल्लाहकारको कार्यवधि कार्य समितीको जति नै हुनेछ र जब नियुक्ति दिने कार्य समिती विघटन हुन्छ तब सल्लाहकार समिती पनि स्वतः विघटन हुनेछ । र पुनः नयाँ कार्य समिति चयन भए पछि, नयाँ कार्य समितिले, आवश्यकता अनुसार, सल्लाहकारहरुको छनौट गर्ने छ ।

(ङ). सल्लाहकार हट्ने वा हटाउने र पद रित्त हुने बारेमाः कार्यकारी (Executive) कार्य समितिको जस्तै जस्तै, तर! अलिक फरक हुनेछ ।

जस्तैः
१. ईन्टेक १९८३ को नम्बरी संगठनमा सल्लाह र सुझाव नदिने वा हराउने बेपत्ता र बेवास्ता गरेमा सल्लाहकारमा रहेको नरहेको कुनै मतलव वा अर्थ नभएको जस्तो भएमा पदबाट हटाईने छ ।

२. बिमार भएर, मानसिक, शारीरिक रुपमा अशक्त भएमा

पदबाट हटाईनेछ ।

३ संगठनको बदनाम गर्ने, संगठनको प्राबधान, बिधिबिधान नमान्ने, प्रकृया भित्र नबस्ने आदि ईत्यादि कुरामा असहमत भएमा, वा बिपरित काम गरेमा, सल्लाहकार बाट हटाईनेछ ।

४. संगठनको सदस्यता कृयाशिल नभएमा सल्लाहकार बाट हट्नेछ ।

५. मानसिक रुपले असक्त भएमा, निधन भएमा पदबाट हटाईनेछ वा पद रिक्त हुनेछ ।

६. माथिका तमाम कुराहरुबाट पद हटि पद रिक्त भएमा, रिक्त पद परिपुर्ति गर्नलाई, एक्जेक्युटिभ कार्य समितिले, सहि योग्य अनि माथि उल्लेखित कुराहरुले, समेटिएको योग्य ब्यक्ति लाई, सल्लाहकारमा नियुक्ति गर्ने छ ।

## दफा नं. - १५

### संस्थाको कार्यक्रमः -

(क). संस्थाले प्रत्यक वर्ष साधरण सभा अनिवार्य गराउनेछ

(ख). संस्थाले प्रत्येक पाँच (५) वर्षमा अधिवेसन गराउनेछ ।

(ग). संस्थाले सदस्यता लिएका वा नलिएका संपुर्ण नम्बरिहरुलाई मद्दत चाहिएमा विधानतः जहिले पनि सहयोग

गर्नेछ ।

(घ). संस्थाले प्रत्येक वर्ष बृहत वार्षिक भेटघाटको कार्यक्रम सम्पन्न गर्नेछ ।

(ङ). संस्थाले आवश्यकता हेरेर अनलाईन जुम् वा भौतिक बैठक राख्ने छ ।

## परिच्छेद- ६ निर्वाचन र विविध: -

### दफा १६ निर्वाचन:

(क). निर्वाचन मण्डल मध्ये

१ निर्वाचन प्रमूख आयुक्त

१ सदस्य सचिव र

१ सदस्य गरि जम्मा ३ जनाको निर्वाचन मण्डल संस्थाले गठन गर्नेछ ।

(ख). नयाँ कर्य समिती गठनका लागी निर्वचन मण्डलले सर्वप्रथम् सहमतिय प्रणाली अपनाउँनेछ, यदि सहमति हुन नसके बिधानत: बहुमतिय प्रणालि वा गोप्पे मतदान द्वारा नयाँ कार्य समितिको गठन गर्नेछ ।

(ग). निर्वाचन मण्डलको कार्य सम्पन्न भए पश्चात स्वत: निर्वाचन मण्डल विघटन हुनेछ । अथवा नयाँ कार्य समिति

चयन भईसकेपछि, निर्वाचन आयुक्त प्रमुखले निर्वाचन मण्डल बिघटन भएको घोषणा गर्नेछ या गर्नु पर्ने हुन्छ ।

(घ). सबै तहको निर्वाचन गोप्य मतदानद्वारा हुनेछ ।

(ङ). Subscribed member सदस्य लिएका ब्यक्तिले मात्र मतदान गर्न र उमेदवार हुन अधिकार प्राप्त गर्दछ ।

(च) सदस्यता नलिएका कुनै पनि ब्यक्तिले उमेदवार हुन वा मतदान दिन चाहेमा, कम्तिमा सदस्यता लिएको ६ महिना अनिवार्य पुरा भएको हुनुपर्नेछ ।
(छ). निर्वाचन मण्डलमा बस्ने ब्यत्तिले उमेदवार हुन र मतदान गर्न पाउने छैनन् ।

## दफा नं. - १७ उमेदवारको योग्यता: -

(क). केन्द्रिय कार्य समितिको उमेदवार हुनको लागि संस्थाको Subscribed member सदस्यता अनिवार्य लिएको हुनु पर्दछ ।

(ख). संस्था र संस्थाका सदस्यहरु लाई हानि नोक्सानि नपुर्याएको वा विवादित वा कुनै फौज्दारी कसुरमा नपरेको व्याक्ति हुनु पर्नेछ ।

(ग). शारिरिक र मानसिक रुपमा तन्दुरुस्त हुनु पर्नेछ ।

## दफा नं. - १८ विधान संसोधन: -

(क). विधान संसोधन गर्न आवश्यक भएमा संसोधित बुदालाई अधिवेसनमा उपस्थित संख्याको ५१% (५१% प्रतिसत) बहुमतले अनुमोदन गरे पश्चात मात्र लागु हुनेछ ।

(ख). बाधा अड्काउ फुकाउ गर्न परेमा आवश्यक बुदालाई संशोधन गरि, कार्य समितिको पुर्ण बैठकले बिधान संसोधन गर्न सक्नेछ, उक्त संसोधित बुदालाई अधिवेसनमा उपस्थित ५१% प्रतिसत) बहुमतले अनुमोदन गर्नु अनिवार्य हुनेछ ।

## परिच्छेद- ७ सपथ ग्रहण:

### दफा नं. - १९

(क). नयाँ निर्बाचित कार्य समितीको सपथग्रहण निर्वाचन आयुक्तले गर्नेछ ।

(ख). सपथ ग्रहणको पुर्ण पाठ अनुसूचि नं. - २ मा हुनेछ ।

अनुसुचि -१ लोगो

### अनुसूचि -२ सपथ ग्रहण:

केन्द्रिय कार्य समिती ।
ईन्टेक १९८३
संयुक्त अधिराज्य वेलायत ।

म ....... ईश्वारलाई साक्षी राखि सपथ लिन्छुकि, ईन्टेक १९८३ केन्द्रिय कार्य समितिमी निर्वाचित ......को हैसियतले मेरो कार्यकाल भरि संस्थाले दिएको र मैले सके जानेको जिम्मेवारी लाई कुनै भाई वन्धु मोला हिजा नगरि संस्थाको गोपनियता लाई कायम राख्दै संस्थाको प्रचलित बिधान ईन्टेक १९८३ अनुसारको अधिनमा रहि ईमान्दारी पुर्वक आफ्नो पदिय जिम्मेवारी निभाउँनेछु ।

सपथ लिने व्याक्तिको हस्ताक्षेर.....

नामः ......

पदः .....

हस्ताक्षरः ...........

निर्वाचन मण्डलको हस्ताक्षरः-

निर्बाचन मण्डल प्रमुख आयुक्त :-

नामः- ............

हस्ताक्षरः- ..........

निर्बाचन मण्डल  सदस्य सचिवः-

नामः- .........

हस्ताक्षर :- ..........

निर्बाचन मण्डल सदस्यः-

नामः- .............

हस्ताक्षरः- ..........

मितिः- ....../......./.......

जय  ईन्टेक १९८३